बैठक संख्याः २२।२०८०
बैठक मितिः २०८०।०८।२४, समयः बिहान १०:३० बजे
स्थानः रामधुनी नगरपालिका कार्यालयको सभाहल

**प्रस्तावहरु :**

१. प्रस्ताव नं. १ : सार्वजनिक बिदा सम्बन्धमा।
२. प्रस्ताव नं. २ : आर्थिक सहायता सम्बन्धमा ।

**निर्णय :**

**निर्णय नं. १**

मिति २०८० मंसीर २५ गते सोमबार बाला चतुर्दशी पर्वको अवसरमा रामधुनी नगरपालिका वडा नं. ४ स्थित रामधुनी मन्दिरमा विभिन्न स्थानबाट दर्शनार्थीहरु आई सतविज छर्ने लगायत भव्य मेला समेत हुने भएकोले सो दिन रामधुनी नगरपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरु(स्वास्थ्य संस्था लगायतको अत्यावश्यक सेवा बाहेक) तथा सम्पूर्ण शिक्षण संस्थाहरुमा सार्वजनिक बिदा दिने निर्णय गरियो ।

**निर्णय नं. २**

मिति २०८० मंसीर २५ गते रामधुनी नगरपालिका वडा नं. ४ स्थित रामधुनी मन्दिरमा बाला चतुर्दशी पर्वको अवसरमा तिर्थालुहरुलाई आवश्यक सहयोग तथा व्यवस्थापनमा सहयोगको लागि आर्थिक सहयोग उपलब्ध गराईदिन श्री रामधुनी बाबा बनखण्डी मन्दिर गुठि व्यवस्थापन समितिबाट अनुरोध भई आएकोमा चालु आ.व.२०८०।०८१ को आर्थिक सहायता शिर्षकमा विनियोजित बजेट मध्येबाट रु.५०,०००।-(पचास हजार) श्री रामधुनी बाबा बनखण्डी मन्दिर गुठि व्यवस्थापन समितिलाई उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner